# रोजगार संयोजकको पदपूर्ति गर्ने सम्बन्धी सूचना

नेपाल सरकारले मुलुकको ७५३ वटै स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न निम्नानुसारका रोजगार संयोजकको सेवा करारमा खुला प्रतिस्पर्धाद्वारा पदपूर्तिका लागि मिति २०७५।१०।०४ गते प्रकाशित सूचना अनुसार प्राप्त दरखास्तहरुमध्येबाट निर्धारित मापदण्ड अनुसार छनौट गर्दा आवश्यक संख्यामा पदपूर्ति हुन नसकेका तपसिल बमोजिमका रोजगार संयोजकको दरबन्दीमा करार सेवामा पदपूर्तिका लागि पुन: यो सूचना प्रकाशन गरिएको छ । योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुलाई यो सूचना प्रकाशन भएको मितिले १० दिनभित्र (२०७५ फागुन ३० गते बिहान १०.०० बजेदेखि २०७५ चैत्र ९ गते दिनको ५.०० बजेसम्म) प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np मार्फत अनलाईन दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

## पद तथा दरबन्दी विवरण

| क्र.सं | प्रदेश | रा.प.तृतीय श्रेणी (शाखा अधिकृत सरह) | रा.प.अनं. प्रथम श्रेणी (नायब सुव्वा सरह) | कूल जम्मा |
|---|---|---|---|---|
| १ | प्रदेश नं. १ | ६६ | ५ | ७१ |
| २ | प्रदेश नं. २ | ४५ | ० | ४५ |
| ३ | प्रदेश नं. ३ | ३१ | १ | ३२ |
| ४ | गण्डकी प्रदेश | १४ | १ | १५ |
| ५ | कर्णाली प्रदेश | ४३ | ११ | ५४ |
| ६ | सुदूरपश्चिम प्रदेश | ५० | १ | ५१ |
| | जम्मा | २४९ | १९ | २६८ |
| अन्तिम योग्यताक्रमको सूची प्रकाशन हुने मितिसम्म रिक्त हुन आउने रोजगार संयोजकका पदहरु समेत यसै सूचनामा समावेश भएको मानी पदपूर्ति गरिनेछ । | | | | |

**सेवा अवधि:** नियुक्ति भएको मितिबाट २०७६ फागुन २५ गते सम्म ।

**न्यूनतम योग्यता:**

(क) राजपत्रांकित तृतीय श्रेणी (शाखा अधिकृत सरह) को रोजगार संयोजक पदका लागि नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह र राजपत्र अनंकित प्रथम श्रेणी (नायब सुब्बा सरह) को रोजगार संयोजक पदका लागि कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको,

(ख) दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

(ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,

(घ) कम्प्युटर सम्बन्धी देहाय बमोजिमको ज्ञान र सीप भएको,

१. देवनागरी र अंग्रेजीमा दक्षतापूर्वक टाइपिङ्ग गर्न सक्ने ।
२. Computer, Printer, Scanner, Multimediaलगायत उपकरणहरुको प्रयोग गर्न सक्ने सीप भएको ।
३. MS-Office Package (Word, Excel, Access, Power point आदि) को प्रयोग गर्न सक्ने क्षमता भएको ।
४. इमेल इन्टरनेट सम्बन्धी आधारभूत ज्ञान भएको ।
५. व्यवस्थापन सूचना प्रणाली(MIS)सम्बन्धी आधारभूत ज्ञान भएको ।

अनलाईन दरखास्त साथ अपलोड गर्नु पर्ने कागजातहरुः (१) नागरिकता प्रमाणपत्र (दुबैपट्टि देखिने), (२) पासपोर्ट साइजको फोटो (हालसालै खिचेको), (३) न्यूनतम शैक्षिक योग्यताको लब्धांकपत्र, (४) न्यूनतम शैक्षिक योग्यताभन्दा एक तह माथिल्लो शैक्षिक योग्यताको लब्धांकपत्र (उपलव्ध भएमा) र (५) कम्तीमा दुई वर्ष काम गरेको अनुभवको प्रमाणपत्र (उपलव्ध भएमा) ।

सेवा र सुविधा

रोजगार संयोजकको छनौट प्रकृया, तलव भत्ता तथा अन्य सेवा र सुविधा सम्बन्धी व्यवस्था नेपाल सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत रोजगार संयोजकको पदपूर्ति सम्बन्धी मापदण्ड, २०७५ बमोजिम हुनेछ । यो मापदण्ड www.pmep.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।